# संघीय संसद
# प्रतिनिधि सभा
# अर्थ समिति

मिति: २०८०/०४/१४
बैठक संख्या: ०९
समय: बिहान ११:०० बजे

१. मिति २०८० असार २१ गते बसेको समितिको बैठकमा बैठकमा कृषि तथा पशुपन्छी विकास मन्त्री, उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्री, सम्बन्धित मन्त्रालयका सचिव र लगानी बोर्डका प्रमुख कार्यकारी अधिकृतसँग कृषकलाई आवश्यक पर्ने मलको तत्काल सहज र पर्याप्त उपलब्धता सुनिश्चित गर्न र सो समस्यांको दिर्घकालीन समाधानका लागि छलफल भएको थियो । बैठकमा भएको छलफलमा सबै समस्याका विषयमा पर्याप्त जवाफ आउन नसकेको र यसका लागि आगामी बैठकहरूमा थप छलफल आवश्यक देखिएको भनी भएको निर्णयानुसार केही विवरण माग भएको र सो को जवाफ प्राप्त भई माननीय सदस्यहरुलाई वितरण भएको र यस विषयमा अझ विस्तृत छलफलका लागि आज समितिको बैठकमा समितिका माननीय सदस्यहरु र कृषि तथा पशुपन्छी विकास मन्त्री, अर्थ मन्त्रालय, उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय र कृषि तथा पशुपन्छी विकास मन्त्रालयका सचिव र लगानी बोर्डका प्रमुख कार्यकारी अधिकृत बीच सो विषयमा छलफल भई देहायबमोजिको निर्णय भयो:

- मलको माग र आपूर्तिमा ठूलो ग्याप देखिएकोले मलको यथार्थ मागको तथ्याङ्क यकिन गरी माग र आपूर्तिबीच देखिएको फरकको पूर्ति गर्न अर्थमन्त्रालयसँग समन्वय गरी कार्ययोजना बनाई लागू गर्न र समितिमा सो कार्ययोजना पेश गर्न कृषि तथा पशुपन्छी विकास मन्त्रालयलाई निर्देशन दिने,
- रसायनिक मलको विकल्पको रूपमा जैविक र प्राङ्गारिक मलको आपूर्ती, व्यवस्था र प्रयोग सम्बन्धमा अन्य निकायहरूसँगको आवश्यक समन्वयमा राष्ट्रिय रणनीति तयार गरी कार्यान्वयन गर्न कृषि तथा पशुपन्छी विकास मन्त्रालयलाई निर्देशन दिने,
- कृषि तथा पशुपन्छी विकास मन्त्रालय र उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय र स्थानीय निकायको संयोजन गरी किसानलाई आवश्यक पर्ने मलको निश्चित परिणाम, मापन र मल

आपूर्तिको भरपर्दो, पारदर्शी वितरण प्रणालीका सम्बन्धमा स्पष्ट रणनीति बनाई त्यसको जानकारी समितिलाई दिने,

- उद्योग खोल्ने बारेमा अलसोलिसिटेड प्रपोजल र अन्य विकल्पका बारेमा सम्भाव्यता अध्ययन गर्ने, अन्य कोहि इच्छुक भए उद्योग स्थापना गर्न आह्वान गर्ने । G-to-G मा रहेर अन्य कुनै मुलुकसँग द्विपक्षीय सम्झौता अनुसार मल आपूर्ति गर्न चाहन्छ भने स्पष्ट नीति बनाउनु पर्ने,
- मल कारखानाको लागि सम्भाव्यता अध्ययन यथाशीघ्र सम्पन्न गर्न र कारखाना स्थापना गर्न इच्छुक स्वदेशी वा विदेशी लगानीकर्तालाई प्रस्ताव आह्वान गर्न लगानी बोर्डलाई निर्देशन दिने,
- किसानको समस्यालाई मध्यनजर गरेर गैरव्यापारिक नीजि प्रयोजनका लागि दुई बोरा कृषकले मल ल्याउँदा भन्सार विन्दुमा झन्झट र बन्देज नहुने व्यवस्था मिलाउन अर्थ मन्त्रालय सहित सम्बद्ध निकायलाई निर्देशन दिने र सो को जानकारी समितिलाई दिने ।

२. प्रतिनिधि सभा नियमावली, २०७९ को नियम १७८ को उपनियम (७) ले दिएको अधिकार प्रयोग गरी अर्थ समिति सचिवालयले समितिको बैठक संचालनका लागि कार्यविधिको मस्यौदा तयार गरी माननीय सदस्यहरुलाई वितरण गरिएको छ ।आगामी बैठकमा सो कार्यविधि सम्बन्धमा छलफल हुने।

३. समितिको बैठक अर्को सूचना नभएसम्मका लागि स्थगित

रेखा उपाध्याय खनाल
समित सचिव

विनोद कुमार चौधरी
सभापति/ज्येष्ठ सदस्य